वर्ष २० | अंक ४२ | नेपाल संवत् ११४१ | २०७८ कातिक १८ गते बिहीबार | 4 Nov. 2021 | पृष्ठ ४ | मूल्य रु. १०

एउटै पढे पुग्छ

# समाधान

samadhannews.com

राष्ट्रिय दैनिक







# पदयात्रामा उर्लिंदै पदयात्री, आशावादी व्यवसायी

**श्याम राना मगर**
पोखरा, १७ कात्तिक



अढाई वर्ष लामो बन्दाबन्दीपछि भर्खरमात्रै खुलेको छ पदमार्ग । हिउँद सुरु भएपछि पदयात्रा गर्नु उचित मानिन्छ । लामो समयसम्म घरभित्रै थुनिएर बसेकाहरु निष्फिक्री भएर घुम्न निस्केका छन् । विश्वकै चर्चित पदमार्ग अन्नपूर्ण बेस क्याम्पमा यति बेला घुम्न निस्केकाको घुँइचो छ ।

दसैं तिहार बिदामा अन्नपूर्ण घुम्न आएकालाई स्वागत गर्न व्यवसायीलाई भ्याईंनभ्याईं छ । 'अहिले पाहुना राम्रै आइरहेको छ । पहिलाको जस्तो त के हुन्थ्यो ?,' एक्सेलेन्ट भ्यु टपका सञ्चालक मिकास गुरुङले भने, 'त्यही पनि यति लामो समयसम्म बन्द भएर आउनुलाई राम्रै भन्नुपर्छ ।'

अरु समयमा मौसमको ठेगान नहुने । असोज, कात्तिकमा मौसम पनि राम्रो खुल्ने हुनाले पदयात्री यो समयमा घुम्न रुचाउँछन् । मौसम खुल्ने याम भए पनि १ हप्ताअघि आएको बेमौसमी झरीले केही असर पारेको थियो । तर, यात्रामा निस्किइसकेकाहरु झरीमा रुझ्दै अघि बढिरहे ।

'झरीमा रुझ्दै भए पनि पाहुनाहरु आउनु भएको छ । हामीलाई त पाहुनालाई स्वागत गर्नै भ्याईनभ्याई छ,' फिस्टेल लज एन्ड रेस्टुरेन्टका सञ्चालक दिलीप गुरुङले भने । गुरुङ छोम्रोङ पर्यटन व्यवसायी समिति सचिवसमेत हुन् ।

कोरोनाले थलिएको पर्यटन पदयात्रामा निस्केका पदयात्री देखेर छिट्टैमाथि उठ्ने गुरुङको विश्वास छ । केही समययता पदयात्रामा नेपाली पर्यटक पनि ठूलो मात्रामा आएका छन् । नेपालीको पदयात्रामा चाखलाग्दो उपस्थिति देखेर व्यवसायी अझ उत्साहित छन् ।

'२ वर्षसम्म पाहुनाहरु नै आएन । हामी गाउँमै खेतिपाती गरेर बस्यौं । अब पाहुना आउन थालेको छ । अब बिस्तारै पर्यटन माथि उठ्ला,' अन्नपूर्ण गेस्ट हाउस एन्ड रेष्टुरेन्टका सञ्चालक जगनरास गुरुङ आशावादी सुनिए ।

**असोज पहिलो साता पदमार्ग खुलेसँगै अन्नपूर्णमा २ हजारभन्दा बढी पर्यटक पुगेका छन्**

पदमार्गका अधिकांश व्यवसायीले कोरोना भाइरस विरुद्धको खोप लगाइसकेका छन् । पदमार्गका डेढ सयभन्दा बढी व्यवसायीले वडा र छोम्रोङ पर्यटन व्यवसायी समितिको पहलमा पहिलो मात्राको खोप लगाएका हुन् । पदयात्रामा निस्किनेहरुले समेत खोप लगाईसकेको हुनाले सहज रुपमा पहिले जसरी नै व्यवसायी गर्न पाइनेमा व्यवसायी आशावादी छन् ।

पहिलो लहरको लकडाउन खुकुलो भएसँगै पदमार्ग क्षेत्रका व्यवसायीले स्वास्थ्य मापदण्ड अपनाएर होटल खोलेका गरेका थिए । स्वास्थ्य सामग्रीको जोहो गरेर व्यवसाय पुन सञ्चालनमा ल्याए पनि दोस्रो लहर आएपछि व्यवसाय पुन ठप्प हुन पुगेको थियो । 'व्यवसाय सञ्चालन गर्न भनेर समितिको पहलमा स्वास्थ्य सामग्रीहरु ल्याएका पनि थियौं । प्रत्येक लजमा एक वटा टेम्पेचर गन पनि ल्याएका थियौं । मास्क, सेनिटाइजर सबैथोक व्यवस्था गरेका थियौं,' छोम्रोङ पर्यटन व्यवसायी समिति सचिव दिलीप गुरुङले भने, 'सबै व्यवस्था गरेर सञ्चालनमात्रै गरेका थियौं । दोस्रो लहर सुरु भइहाल्यो ।'

अहिले पदयात्रामा निस्किने अधिकांश पदयात्री स्वदेशी छन् । भिसा र कोभिड विरुद्धको भ्याक्सिनको झम्झट भएकाले पनि बाह्य मुलुकका पर्यटक आउन नसकेको व्यवसायी बताउँछन् । १२ वर्षदेखि अन्नपूर्ण पदमार्ग क्षेत्रमा पथप्रदर्शकको काम गरिरहेका दीपक भट्ट पर्यटनसम्बद्ध व्यवसायबारे सरकारको स्पष्ट नीति नआउदा पनि बाह्य मुलुकबाट पर्यटक आउन नसकेको गुनासो गर्छन् । पर्यटक आउन चाहे पनि क्वारेन्टिइनमा बस्नुपर्ने लगायतका झन्झटिलो प्रक्रियाले उनीहरु निरुत्साहित छन् ।

दोस्रो चरणको लकडाउन खुकुलो भएपछि असोज ५ गतेदेखि अन्नपूर्ण पदमार्ग पदयात्रीका लागि खुला भएको हो । असोज पहिलो सातादेखि पदमार्ग खुलेसँगै अन्नपूर्णमा २ हजारभन्दा बढी पर्यटक पुगेको छोम्रोङ पर्यटन चोक पोस्ट तथा इन्फर्मेसन सेन्टरको तथ्यांक छ । चेक पोस्टका इन्चार्ज नेत्र शर्माका अनुसार असोज ५ गते पदयात्रा खुलेपछि २ हजारभन्दा बढी पदयात्री एबिसी उक्लेका छन् । 'सार्क मुलुक र बाह्य मुलुकका गरी २ सयभन्दा बढी पदयात्री इन भएका छन् । लकडाउनपछि बाह्य मुलुकको तुलनामा नेपाली पदयात्रीको भीडभाड बढेको छ,' उनले भने ।

लकडाउन अघिको तुलनामा यो संख्या निकै कम हो । यो सिजनमा दैनिक ४ सयभन्दा बढी विदेशी नागरिक भित्रिने गरेको एक्यापको तथ्यांक छ । सन् २०१८ को अक्टोबरमा ४ सय बाह्य मुलुकका पदयात्री एबिसी उक्लिएको शर्माले सुनाए । 'अहिले बाह्य मुलुकभन्दा स्वदेशी पर्यटक धेरै छन्,' उनले भने ।

# सहारा एकेडेमीलाई वार्षिक १५ लाख



**सञ्जय रानाभाट**
पोखरा, १७ कात्तिक

देउसी भैलो र आहा रारा गोल्डकपको बचतबाट सञ्चालित पोखरा १७ दोबिल्लाको सहारा फुटबल एकेडेमीले उद्योगी सूर्यबहादुर केसीको परिवारको साथ पाएको छ । केसीको परिवारले एकेडेमीलाई वार्षिक रुपमा १५ लाख आर्थिक सहयोग गर्ने भएपछि सञ्चालन व्यवस्थापनमा सहज भएको सहारा क्लबका अध्यक्ष हरिराम गुरुङ (सुरज)ले जानकारी दिए ।

त्यसका लागि दिवंगत केसीको प्रथम वार्षिक पुण्य तिथिको सन्दर्भमा बुधबार आयोजना गरेको कार्यक्रममा केसी परिवार र क्लबबीच सम्झौता हस्तान्तरण भएको छ । सम्झौतापत्रमा केसीकी श्रीमती प्रेमकुमारी र क्लबका अध्यक्ष गुरुङले हस्तास्क्षर गरेका छन् । एकेडेमीको नाम सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी राख्ने र केसीको परिवारले वार्षिक रुपमा एकमुष्ट रकम प्रदान गर्ने क्लबका अध्यक्ष गुरुङले जनाए । उनले सम्झौता अवधि १० वर्षको हुने बताए ।

क्लबले खेलकुदको माध्यमबाट समाजिक काम गर्दै छ । क्लबले युवा वर्गलाई विकृति, विसंगतिबाट टाढा राखी सक्षम नागरिक बनाउने क्रममा २०५८ सालदेखि सहारा फुटबल एकेडेमी सुरु गरेको हो । एकेडेमीमा अहिले तेस्रो समूहको १४ जिल्लाका कठिन परिस्थिति र विपन्न वर्गका आश्रित २४ बालक छन् । 'एकेडेमीको मुलस्रोत क्लबले वर्षेनी गर्ने देउसीभैलो कार्यक्रम र आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको बचत रकम हो,' अध्यक्ष गुरुङले भने, 'एकेडेमीलाई अझ बढी व्यवस्थित र सुदृढ रुपमा निरन्तरता दिन थप आवश्यकता भइरहेको परिप्रेक्ष्यमा स्थापना कालदेखि नै क्लबको वृत्ति विकासमा अविच्छिन्न योगदान गर्नु भएका सूर्यबहादुर केसीको सम्मान स्वरुप वार्षिक रुपमा आर्थिक सहयोग हुनु खुसीको कुरा हो ।'

अध्यक्ष गुरुङले सामाजिक एवं पवित्र कार्यलाई चिरस्थायी बनाउने घोषणा गरे । उनले २० औं संस्करणको आहा रारा गोल्डकप आगामी माघ ६ देखि १५ गतेसम्म गर्ने जानकारी दिए ।

युवा उद्यमी प्रकाश केसीले बाबाको स्मरणमा केसी परिवार र क्लबबीचको संस्थागत सम्बन्धलाई निरन्तरता दिने बताए । उनले सुरुवातदेखि क्लबले केसी परिवारलाई गरेको सम्मानप्रति आभार प्रकट गरे । युवा उद्यमी किरण केसीले सम्झौतालाई बुवाको नाममा क्लबसँग नियमित जोडिने प्रयास भएको टिप्पणी गरे । उनले सूर्य प्रेम ट्रस्टमार्फत शिक्षा र सामाजिक क्षेत्रमा काम गर्ने जानकारी दिए ।

युवा उद्यमी रोशन केसीले केसी ग्रुपले उद्योग, धन्दा खोलेर रोजगारीको सिर्जना गरेको बताए । उनले दूरदर्शी, बहुप्रतिभावान बाबाको अभिभावकत्वले सबै छोरालाई उद्यमी बन्न प्रेरित गरेको उल्लेख गरे । क्षत्री समाज नेपाल कास्की अध्यक्ष पदमबहादु कार्कीले उद्योगी केसीको राम्रो कामको अनुशरण गर्दै जीवन पर्यन्त बनाउन सम्झौता सहयोगी बन्ने विश्वास व्यक्त गरे । कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष केशवराज बराल र महासचिव रामजीप्रसाद अधिकारीले क्लब र केसी परिवारको संस्थागत सम्बन्धबारे बोलेका थिए ।



यमपञ्चको दोस्रो दिन बुधबार कुकुर तिहारमा कुकुरलाई पूजा गर्दै पोखरा ८ न्युरोडकी व्यवसायी सबी शेरचन।

*तस्विर: जमुना वर्षा शर्मा/रासस*

# मुस्ताङमा कस्तूरी चोरी, शिकारी

**सुन्दरकुमार थकाली**
जोमसोम, १७ कात्तिक

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत मुस्ताङको उच्च लेकमा नियमित वन गस्ती नहुँदा वन्यजन्तुको चोरी, शिकार गर्ने क्रम बढेको भएको छ । एक्याप अन्तर्गत वारागुङ मुक्तिक्षेत्र १ लुप्रा गाउँको खम्पा क्याम्पमाथि निच्चा जगंलमा मंगलबार गस्ती गर्ने क्रममा शिकारीले थापेका पासोमा परी २ कस्तुरीसहित १ फ्याउरो मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

वारागुङ मुक्तिक्षेत्र १ माथिको उच्च लेकमा वन्यजन्तुको चोरी, शिकार हुने गरेको सूचनाका आधारमा अन्नपूर्ण संरक्षण आयोजना, इलाका संरक्षण क्षेत्र कार्यालय जोमसोमको टोली, डिभिजन वन कार्यालयको टोली, स्थानीय संरक्षण व्यवस्थापन समितिको टोलीसहित जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी अधिकृतको संयुक्त टोलीले वारागुङ मुक्तिक्षेत्र १ लुप्रा गाउँको खम्पा क्याम्पमाथिको उच्च लेकमा २ कस्तुरी र १ फ्याउरो मृत अवस्थामा फेला पारेको प्रहरी निरीक्षक आशीष अधिकारीले जानकारीले दिए ।

त्यहाँ गस्ती गर्ने क्रममा वन्यजन्तुको अखेटोपहार तस्कर गर्नका निम्ति तस्करहरुले उच्च लेकका बिभिन्न क्षेत्रमा मोटरसाइकलमा प्रयोग हुने ब्रेक तारले बनाएका ४१ थान पासोसमेत फेला परेका छन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार संरक्षित क्षेत्रमा वन तस्करले थापेको पासोमा परी संरक्षित वन्यजन्तु अन्दाजी १२ केजीको भाले जातको कस्तूरी एक,



*तस्विर: जिप्रका मुस्ताङ*

अन्दाजी १२ केजी २ सय ८० ग्राम तौल भएको पोथी जातको कस्तूरी एक र ५ केजी ३ सय ५० ग्राम तौलको भाले जातको रातो फ्याउरो १ मृत अवस्थामा फेला परेको प्रहरी निरीक्षक अधिकारीले बताए ।

**वारागुङ मुक्तिक्षेत्रको निच्चा जगंलमा पासोमा परी तस्करले २ कस्तुरी मारेका छन्**

कस्तूरीको नाभीमा रहेको बहुमूल्य विनाका लागि यसको शिकार हुने गरेको छ । वन गस्तीका क्रममा वन्यन्तु तस्करले पासोमा परेको भाले कस्तुरीको नाभी काटिएको अवस्थामा भेटिएको थियो । त्यो कस्तूरीको शरीर सडेगलेको अवस्थामा भेटिएको अनुमगनमा खटिएका प्रहरी सहायक निरीक्षक विकले जानकारी दिए ।

पासोसहित मृत अवस्थामा फेला परेको वन्यन्तुका मंगलबार साँझ नै एक्याप जोमसोम कार्यालयमा ल्याई आवश्यक कारबाहीका लागि मुचुल्का तयार गरिएको छ । पासोसहित मृत अवस्थामा भेटिएको वन्यजन्तुको शवसहित रिपोर्ट अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना अन्तर्गत क्षेत्रीय कार्यालय पोखरामा कारबाहीका लागि पठाइने बताइएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, संरक्षण व्यवस्थापन समिति, सशस्त्र प्रहरी र जनपथ प्रहरीसहितको टोलीले उक्त स्थानमा पुनः गस्ती तथा अनुगमनलाई तीव्रता दिएको छ । उनीहरुले अघिल्ला दिनमा सिमित स्थानमा गरिएको अनुमगनलाई पछ्याउँदै वन गस्ती सुरु गरेका हुन् । गस्तीको दोस्रो दिन बुधबार अर्को १ कस्तूरी पासोमा परेर मृत फेला परेको प्रहरीले जनाएको छ । तर, टोली मुकाम नफर्किएकाले यसको पुष्टि हुन छ ।

वर्सेनि बैशाख, जेठ महिनामा उच्च लेकमा पाइने यार्सा गुम्बा टिपिन्छ । यार्सा टिप्न लेक पुगेकाहरुले नै वन्यजन्तुको शिकार र चोरी तस्करी गर्ने गरेको अनुमान छ । यसअघि मुस्ताङको थासाङ लेक र घरपझोङका उच्च लेकमा वन्यजन्तुको चारी शिकारी हुने गर्थ्यो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र डिभिजन वन कार्यालय रहेको मुस्ताङमा सम्बन्धित निकायले नियमित रुपमा वन अनुमगन नगर्दा वन्यजन्तुको चोरी, तस्करी वृद्धि हुने देखिएको छ ।

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङ र बेनी जोमसोम सडक सहज हुन थालेपछि यहाँ वन्यजन्तुको चोरी शिकारी बढेको हो । यसलाई रोक्न सीमाना कामा कडाइ र बन अनुमगनमा जोड दिनुपर्ने स्थानीय बताउँछन् ।

## सम्पादकीय

# तिहारः आत्मीयताको पर्व

अहिले नेपालीको दोस्रो महान् चाड तिहार नेपालीको आँगनमा भित्रिइसकेको छ । हिन्दूहरु तिहारको तयारीमा जुटिसकेका छन् । कात्तिक कृष्ण त्रयोदशीदेखि सुरु भएको यो पर्व ५ दिनसम्म मनाइन्छ । कात्तिक शुक्ल पक्षको द्वितीयामा भाइटीका लगाएपछि तिहार सकिन्छ । तिहार पनि अन्य पर्व जस्तै अहिले भड्किलो हुँदै गएको छ । विभिन्न जनावरसहित दाजुभाइ, दिदीबहिनीको आत्मीयता बढाउने यो पर्व अहिले खानेपिउने बहाना बन्ने गरेको छ । मादक पदार्थ सेवन गर्ने, जूवातास खेल्ने, भड्किलो तवरले खानपान गर्ने क्रम बढेको छ । चाडपर्वलाई सांस्कृति र परम्परागत रुपले आफ्नो हैसियत अनुसार मनाउनु जरुरी छ ।

पछिल्लो क्रममा बढेका विकृतिका कारण देशैभर प्रशासन कार्यालयहरुले देउसी, भैलो खेल्ने समय तोक्न थालेका छन् । राति अबेरसम्म देउसीभैलो खेल्ने, मादक पदार्थ सेवन गर्ने, झैझगडा गर्ने क्रम बढेपछि यसलाई नियन्त्रण गर्न सबै सजग हुनु जरुरी छ । कात्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले सुरु भएर कात्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म यो पर्व (पाँच दिन) मनाइन्छ । ५ दिनसम्म मनाईने तिहारको सम्बन्धमा हिन्दू धर्मशास्त्रका पौराणिक कथा पनि छन् । सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी ५ दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दू धर्मशास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा, बस्दा यमुनाको व्यवहारले निकै प्रशन्न भई यमराजले बहिनी यमुनालाई 'जे मन लाग्छ वर माग' भन्दा यमुनाले 'हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस्' भन्ने वरदान मागिन् । यमराजले पनि तथास्तु भन्दै 'मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भातृपूजा गर्ने गराउनेहरुको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन कालदेखि अहिलेसम्म अविच्छिन्न रुपले यो पर्व मानिँदै आएको छ ।

तिहारले मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत पनि गरेको छ । काग, कुकुर, गाई अनि गोरुको पूजा गर्ने परम्परा मानव र पशुबीचको प्रगाढ सम्बन्धको संकेत पनि हो । अर्कातिर दाजुभाइ तथा दिदीबहिनीको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई पनि यसले छर्लङ पार्दछ । दिदीबहिनीले दाजुभाइलाई सप्तरंगी टीका लगाई दीर्घायु अनि समृद्धिको कामना गर्छन् । यो पर्व मनाउन देश विदेशबाट दाजुभाइ दिदीबहिनी एक आपसमा भेट भई आत्मीयता बाँड्दा पारिवारिक पुर्नमिलनमात्रै नभई सामाजिक सम्बन्धमा पनि पुनर्ताजगी हुन्छ ।

सबै नेपालीमा तिहारको शुभकामना !

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, शरदृतुः राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल कार्तिक १९ गते शुक्रबार नेपाल सम्बत ११४२ कछलाथ्व, सन् २०२१ नोभेम्बर ५ तारिक शुक्लपक्ष प्रतिपदा तिथि राती १ वजेर २१ मिनेटसम्म, स्वाती नक्षत्र विहान ६ वजेर ५५ मिनेटसम्म, आयुष्मानयोग, किस्तुघ्नकरण, आनन्दादियोग गद, सूर्य तुला राशिमा, चन्द्रमा राती ११ वजेर ४८ मिनेटसम्म तुला उप्रान्त वृश्चिक राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

**मेष** ■ स्वतन्त्र व्यपार व्यवसायबाट लाभान्वित हुनु हुनेछ ।
**वृष** ■ आत्मबल बढ्नेछ, प्रयत्नपूर्वक गरेका काम सफल ।
**मिथुन** ■ अन्योलता बढ्नेछ,गरेका कामबाट अल्प लाभ ।
**कर्कट** ■ पारिवारिक समस्या बढ्ने, धन सम्पतिको नास हुने ।
**सिंह** ■ आफ्नै बाहुबलबाट कार्य सम्पादन, आम्दानी हुने ।
**कन्या** ■ विश्वासमा धोका, संचित धनमा ह्रास,ऋण नदिनु ।
**तुला** ■ योजनाबद्ध, धैर्यतापूर्वक काम गर्नु भएमा सफल ।
**वृश्चिक** ■ अनावस्यक खर्च,चोटपटकको भय,धोका दिने ।
**धनु** ■ आकस्मिक आम्दानीको योग, लगानशिल हुनु पर्ने ।
**मकर** ■ प्रतिष्ठा बढ्ने, सरल विधिबाट कार्य सम्पादन ।
**कुम्भ** ■ तनावमा काम नगर्नु,बाह्य काम बढि हुनेछन् ।
**मीन** ■ जोखिममा काम नगर्नु, चोटपटकको भय देखिन्छ ।

# देश विकासमा बाधक नेपाली राजनीति ?



**टंकप्रसाद गैह्रे**

नेपाली राजनीतिलाई नियालेर हेर्ने हो भने नेपालका कुनै पार्टीहरुले सहि दिशावोध गरेको पाँइदैन । नेपालका राजनीतिक पार्टीहरुको कारण नै देशले विकासको लय लिन नसकेको हो ।

नेपालको राजनीति इतिहासमा नेपाली काँग्रेसले खेलेको महत्वपूर्ण भुमिका नेपाली जनतालाई विदितै छ ।काँग्रेसभित्र आन्तरिक प्रतिस्पर्धा नभएर गुटगत प्रतिस्पर्धाले निम्ताएको परिणामको पार्टीले लेखा जोखा गरेको पाँइदैन ।पार्टी संरचना निमार्णमा मूल्यांकन गर्ने परिपाटी पटक्कै छैन । नेताहरु खाली गफलडाउदै हिडने, चाकडी , चाप्लुसी, नातावाद र कृपावादमा सीमित रहेको पाईन्छ । नेकपा एमाले, माओवादी , एस, राप्रपा , सबै पार्टीको गतिविधि केवाल अनुहार प्रर्दशनमा केन्द्रित रहेका छन । अहिले पार्टीमा नेता भनाँउदा व्यक्तिहरुको काम के हो ? पेशा व्यवशाय के हो ? कहाँबाट चिल्ला गाडी चढने सम्पति आर्जन भयो । छोराछोरी विदेशी विश्वविद्यालयमा के खर्चले अध्ययन गरेका छन । यावत प्रश्नहरुको वर्षा आम नेपाली जनतामा निहीत रहेको छ ।

राजनीति समाज रुपान्तरणका लागि हुन पर्नेमा केवल शक्ति आर्जन गर्ने माध्यमका लागि भएको मात्र पाइयो । शक्ति आर्जन केका लागि भन्दा अन्तत्वगत्वा समाजमा रोवरवाफ देखाउने माध्यम भयो । पैसा के का लागि भन्दा गरीब जनतालाई आश्वासन बाढनका लागि भएको पाइयो । राजनीतिमा सेवाभाव हराँउदै गएको छ । अब नेपालमा युवाहरुले राजनीतिक दलका गतिविधिहरुलाई, पार्टी कार्यकर्ताका गतिविधिहरुलाई गम्भीर रुपमा नियालेर चनाखो राख्नै पर्दछ । काम नगरी खाने प्रवृति हावी भएको छ । समाजमा लुट, चोरी, डकैती, हत्या, हिंसा अप्रत्यक्षरुपमा राजनीतिक संलग्नतामा हुने गरेका छन । विदेश पलायनबाट नै देशको अर्थतन्त्र धानिएको छ ।

राजनीतिमा अस्वस्थ्य प्रतिस्पर्धा भएको पाईन्छ । वैचारिक छलफल नभई महाधिवेशन हुने गर्दछ । आलोचनात्मक चेत सबै कार्यकर्तामा छ तथापि व्यक्त गरेको पाँइदैन । अहिले चियापानको संस्कृति बढिरहेको छ । एकजना कार्यकर्ता १० ठाँऊको चियापान कार्यक्रममा जान्छ । उसले १ दिन बेकारमा फाल्छ । एकजना नेताको पछिपछि दिनभरि हजारौ खर्च गरेर नेताको पछि पछि कार्यकर्ता दौडन्छ आखिर समय बर्बाद बाहेक केही पाँऊदैन । यस्ता खालका गलत प्रवृतिलाई तल्लोस्तरबाटै रोक्न जरुरी छ । नेता आउँदा कार्यकर्ता देखाउने प्रवृतिले पनि गलत संस्कृतको विकास गरेको छ । नेता पनि खाली भाषण गर्नेभन्दा केही उपलब्धिकार्यमा समय व्यतित गर्दा राज्यलाई , घरपरिवारलाई फाइदा हुन्थ्यो कि ?

नेपालमा विकास भएको संस्कृति भनेको भाषण गर्ने संस्कृति हो । वैचारिक बहसभन्दा पनि अर्कोलाई तल्लोस्तरको गालीगलोज गरेर नेता बन्ने खराब परिपाटी विकसित भएको पाइन्छ । स्वच्छ प्रतिस्पर्धा भएन भने वैचारिक विचलन आँउछ अहिले नेताहरुमा वैचारिक विचलन आएको पाईन्छ ।अहिले गाँऊ गाँऊमा नेता जाँदा मेलापातो छोडेर नेताको पछि लागेको पाईन्छ । मेला ठूलो नभई नेता ठुलो मानिएको छ । नेता त आम सर्वसाधरण भन्दा पनि तल्लोस्तरको व्यक्ति हो । तर समाजमा नेतालाई बढी प्राथमिकता दिदा जनताले दुःख दर्द पाईरहेका छन । नेपाली जनता निराशामा छन । नेपालमा विकासको वाधक नेपाली जनता नभएर यहाँका नेता , नेतृत्व, गर्ने व्यक्तिहरु हुन । हामी आफनो कर्म गर्न तर्फलाग्यौ

नेतापनि कर्म गर्नलाग्छ चेतनाकोस्तर माथि उकासेर प्रविधिमैत्री विकास गर्नै पर्दछ । खाली चोक चोकमा गफ लडाँउदै हिडने चियापान समारोह,

> **बैदेशिक रेमिटान्सका भरमा चलिरहने हो भने नेपाल वृद्ध वृद्धाको देशमा रुपान्तरण अवश्य हुन्छ**

भेटघाट, काम नगर्ने ठिक ठिक छ भन्दै टोलटोल हिडने, बेलुका जाँड रक्सी खाने नेता बन्न सक्दैन । नेता बन्नका लागि योग्यता भनेकै ढाँट, छलकपट, भष्ट्रचार , अनैतिकता , व्यभिचारी भएको छ यस्ता पात्र र प्रवृतिलाई समाजबाट रोकेर सभ्य असल नैतिक , चरित्रवान नेतृत्वले समाज रुपान्तरण गर्ने पर्दछ । समाजमा रहेका खराब मनोविज्ञानहरुलाई चिर्ने पर्दछ । योजना , लक्ष्य, उदेश्यसहित स्पष्टरुपमा अगाडि बढेमा आगामी दिनमा नेपाली जनताले साथ सहयोग अवश्य गर्ने छन । खाली काम नगरीकन लखर लखर समाज परिवर्तन भनेर हिँडदा नालायक पात्र भनेर समाजका बौदिक व्यक्तित्वले भन्न पर्दछ अनि बल्ल नेतृत्वले विचार गर्दछ । वैचारिक अभियानको शिलशिलामा जाहेजहाँसुकै विचारप्रवाह गरोस् उसको मूल्यांकन गर्न पर्दछ । असल नेतृत्वको खोजीमा नेपाली जनता रहेका छन । हरसम्भव आजका दिन देखि सबै नेतृत्वले असल हुने प्रयत्न गरौं । संस्कारवान राजनीतिको विकास गरौं । बेकारमा समय व्यतित गर्ने प्रथा र प्रवृति निरुत्साहित गरौं ।

राजनीति भनेको पार्टीका कार्यक्रममा जाने , चोक चोकमा हिँडने, पार्टीका नेताको चाकरी गरेर पद प्रतिष्ठा प्राप्त गर्ने, अनुहार प्रर्दशन गर्ने, भष्ट्रचार गरी जाँड रक्सी खाई अनेक खालको तिकडम गर्ने पात्र र प्रवृति रोक्नै पर्दछ । देश विकासको गति, यति , लय लिन नसक्नुमा नेताको मात्र नभएर जनताको पनि समर्थन रहेको छ । अब नेपाली जनताले समयमै नेताहरुमाथि प्रश्न चिन्ह खडा गरेर देश विकासको यात्रामा सहयोग गर्ने पर्दछ । समयलाई आत्मसाथ गरि नेतृत्वले बेरोजगारी समस्यालाई समाधान गरी रोजगारीका अवसर सिर्जना गर्ने जरुरी छ । वैदेशिक रेमिटान्सका भरमा चलिरहने हो भने नेपाल वृद्ध वृद्धाको देशमा रुपान्तरण अवश्य हुन्छ । नेपाली जनताको मनोविज्ञानको गम्भीर विश्लेषण गर्ने नेपालमा सक्रिय राजनीतिक दलहरुलाई जरुरी छ । नेपाली जनताको राजनीतिक नेता, प्रणालीप्रति धेरै वितृष्णा जागि सकेको पाईन्छ । यस अवस्थाले प्रजातान्त्रिक प्रणाली असफल हुन सक्छ । प्रजातन्त्रमा जनताको जनभावना कदर नगरी नेताको निर्देशन मात्र अनुशरण गर्ने परिपाटीले देशको विकासमा वाधक भई सफलता हासिल गर्ने सक्दैन ।२१ औं शताब्दीमा गाँऊ गाँऊ गएर गफ लडाई राजनीति गर्ने पात्र र प्रवृति परम्परा अब परिमार्जन र परिष्कृत गर्ने जरुरी छ ।

*स्याङ्जा प्रदेश सभा निर्वाचन क्षेत्र नं २ क वालिङ ।*

# जलवायु परिवर्तन, नेपाल र नेट जिरो



**अर्जुनदेव ज्ञवाली**

**जलवायु परिवर्तन र नेपाल**

जलवायु परिवर्तनको मुद्दा शताब्दीकै प्रमुख र मानव सभ्यता र अस्तित्वको मामिलामा समेत ठुलो चुनौतीको रुपमा देखिएको छ। जलवायु परिवर्तनको कारक हरितगृह ग्याँस उत्सर्जन र हरितगृह ग्याँस उत्सर्जनको कारक मानवीय क्रियाकलापहरु नै हुन। यसर्थमा मानव सिर्जित क्रियाकलापद्वारा हुने हरितगृह ग्याँस उत्सर्जनलाई जलवायु परिवर्तनको मुख्य कारण मानिन्छ जसका लागि तुलनात्मक रुपमा धनी र विकसित राष्ट्रहरु जिम्मेवार रहेका छन् तर विडम्बना जोखिम कम-विकसित र गरिब देशहरुमा बढी रहेको छ। नेपाल, जलवायु परिवर्तनको कारक हरितगृह ग्याँस उत्सर्जनको मुख्य हिस्सेदार नभए पनि जलवायु जन्य जोखिमका दृष्टिले चौथो स्थानमा पर्छ। जलवायु परिवर्तका कारण नेपालको तापक्रम वृद्धि प्रति वर्ष ०.०६ डिग्री सेल्सियसका दरमा भइरहेको पाइन्छ। जलवायु परिवर्तनबाट विशेष गरी नेपाल जस्तै विकासोन्मुख, गरिब, भूपरिवेष्ठित तथा पर्वतीय मुलुकहरु बढी प्रभावित भएका छन्। राष्ट्रिय अनुकूलन कार्यक्रम-२०६७ का अनुसार कृषि र खाद्य सुरक्षा लगायत ६ वटा विषयगत क्षेत्र र २ वटा साझा विषयगत क्षेत्रहरु जलवायु जन्य जोखिमका दृष्टिले बढी प्रभावित हुने जनाइएको छ। गत वर्षको हिउँदमा नेपालले दशकौं यताकै भीषण डढेलो बहोर्नु पर्‍यो, वायु प्रदुषणकै कारण नेपालभर ४ दिन विद्यालय बन्दै गर्नुपर्ने अवस्था समेत आयो। यसै वर्षको मनसुन शुरु हुनु अगावै धेरै वर्षा नहुने उच्च हिमाली जिल्ला सहित देशका विभिन्न स्थानमा बाढी पहिरोले हताहत भएको अवस्था झेल्नु परेको थियो। त्यस्तै, कार्तिक महिनामा परेको असामान्य वर्षाका कारण विशेषत: पश्चिम नेपालमा समेत ठुलो जनधनको क्षति भएको छ र देशका विभिन्न स्थानहरुमा करिब सवा ८ अर्ब बराबरको धानबाली नष्ट भएको तथ्याङ्क समेत सार्वजनिक भएको छ। यिनीहरु केवल उदाहरणमात्र पनि हुन सक्छन, जलवायु परिवर्तनका कारण नेपाल जस्तो विकासशील देशले आगामी दिनमा झनै भीषण असरहरु बेहोर्नु पर्ने समेत हुन सक्छ ।

नेपालको आर्थिक विकास र संरचना प्राकृतिक श्रोतमा निर्भर रहेको छ। जलवायु परिवर्तनका कारण नेपालको हिमाली भेग विशेष रुपले प्रभावित हुने क्रम बढ्दो छ। नेपालको हिमाल र हिमनदी पग्लिन गई तटिय क्षेत्रमा समस्या उत्पन्न हुन सक्ने देखिन्छ। त्यस्तै, करिब १.६ अर्ब मानिसहरुको पिउने पानीको स्रोतको रुपमा रहेको हिन्दुकुश हिमालय क्षेत्रमा पानीका स्रोतहरु सुक्ने सम्भावना उत्तिकै रहेको छ ।

**कोप-२६**

कोप भनेको कन्फरेन्स अफ पार्टीज्को संक्षिप्त रुपान्तरण हो। विश्वका करिब १९७ देशले वार्षिक रुपमा यस सम्मेलनमा भाग लिई जलवायु परिवर्तन, असर र न्यूनीकरणका प्रयासका सन्दर्भमा साझा धारणा बनाउन छलफल गर्छन्। कोपलाई जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय सन्धीको एक हिस्साका रुपमा लिइन्छ। कोप-२६, यसैसँग सम्बन्धित २६ औं वार्षिक श्रृङ्खला हो भनेर बुझ्न सकिन्छ। कोप-२६ सम्मेलन अहिले स्कटल्याण्डको ग्लास्गोमा नोभेम्बर १ देखि १२ सम्म सञ्चालन भइरहेको छ । सन् २०१५ को पेरिस (कोप-२१) सम्झौता अनुरुपका प्रगतिको लेखाजोखा सहित नेट जिरो/कार्बन न्युट्रल रणनीति तय गर्ने सन्दर्भमा कोप-२६ निकै महत्वपूर्ण रहेको छ। साथै यस सम्मेलनले कार्बन बजार र बिक्री प्रणालीलाई उत्कृष्ट तरिकाले निर्धारण गर्नु पनि उत्तिकै महत्वपूर्ण र आवश्यक रहेको छ ।

**नेट जिरो (कार्बन न्यूट्रल)**

सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको सम्झौता अनुसार १९७ वटा देशहरूले पृथ्वीको तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियस भन्दा कममा राखेर जलवायु परिवर्तनका खराब असरहरू नियन्त्रण गर्ने सहमति गरे पश्चात नेट जिरो चर्चामा रहेको हो। वायुमण्डलमा हरितगृह ग्याँसहरुको मात्रा थप हुन नदिई सन् २०५० सम्ममा जति कार्बन उत्सर्जन हुन्छ, त्यति नै घटाइ खुद कार्बन सञ्चितिलाई शुन्य बनाउनुलाई नेट जिरो भनिन्छ।

अहिलेकै तुलनामा विश्वमा कार्बन उत्सर्जन हुने हो भने पृथ्वीको तापमान वृद्धिको दर ३ डिग्री सम्म पुग्न सक्ने र पृथ्वीमा रहेका सम्पूर्ण जीवहरुमा उथलपुथल मच्चिन सक्ने भन्दै बैज्ञानिकहरुले चेतावनी दिइरहेका सन्दर्भमा कोप-२६ सम्मेलनले नेट जिरो रणनीतिमा छलफल गर्नु निकै सान्दर्भिक र महत्वपूर्ण दृष्टिले हेरिएको छ ।

**वायुमण्डलबाट कार्बन कसरी हटाउन सकिन्छ त?**

हरितगृह ग्याँस उत्सर्जनलाई पूर्णतया रोक्न नसकिने हुनाले शुन्यमा झार्न पनि असम्भव नै हुन्छ, त्यसकारण यसलाई सन्तुलनमा राख्नु पर्छ। जसको लागि बृक्षरोपण सबैभन्दा सरल र कम खर्चिलो तरिका हो। साथै, धनी देशहरूले गरिब देशहरूलाई नवीकरणीय ऊर्जाहरू प्रयोग गर्न लगानीहरू गरिदिएर आफ्नो उत्सर्जन घटाउन सक्छन् भने, वायुमण्डलमा जम्मा भएको कार्बनलाई एकत्रित गरी ठोस पदार्थको रुपमा रुपान्तरण गरेर जमिनमुनि पुर्ने प्रविधि अर्को नयाँ तरिका हो जुन विकसित भइरहेको भए पनि सुलभ र प्रमाणित भइसकेको छैन् ।

नेट जिरो रणनीतिमा केन्द्रित रहि कोप-२६ सम्मेलन भैरहेको सन्दर्भमा ब्रिटेन सरकारले विद्युतीय सवारी साधन प्रयोगमा अनुदान, नविकरणीय उर्जा प्रयोगमा अनुदान, घर-घरमा कम कार्बन उत्सर्जन गर्ने हिटर जडानमा अनुदान, बृक्षारोपण र कार्बन सोस्ने प्रविधि विकास र भण्डारणमा लगानी गर्ने प्रतिबद्धता जनाइ नेट जिरो हासिल गर्ने कुरा बताएको छ। विश्वमा सबैभन्दा धेरै जनसंख्या (विश्व जनसंख्याको करिब १८.५ प्रतिशत) भएको देश चीन हो भने सबैभन्दा ठुलो कार्बन उत्सर्जनकर्ता पनि चीन नै हो । व्यवहारिक रुपमा नेट जिरो हासिल गर्न सबैभन्दा धेरै मात्रामा कार्बन उत्सर्जन गर्ने विकसित देशहरुको भूमिका महत्वपूर्ण रहन्छ। हालै चीनले गरेको प्रतिबद्धता बमोजिम सन् २०६० सम्ममा नेट जिरो हासिल गर्न सक्ने विवरण प्रकाशित गरेको छ। यसो भन्दै गर्दा जनसंख्याको हिसाबले १० ठुला देशहरु भित्रै पर्ने अन्य देशहरुले भने नेट जिरो रणनीति र कार्यक्रमका बारेमा चुप रहेका छन् ।

कोप-२६ मा सहभागी हुनुपूर्व नेपाल सरकारले जलवायुजन्य हानी नोक्सानी (लस एण्ड ड्यामेज) सम्बन्धी राष्ट्रिय कार्यढाँचा र राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०) स्वीकृत गरेको छ, जस अनुसार कार्यक्रम कार्यान्वयन गर्ने हो भने सन् २०५० सम्म नेपाललाई ४७.४ अर्ब अमेरिकी डलरको आवश्यकता पर्ने कुरा सार्वजनिक गरेको छ। नेट जिरोको सन्दर्भमा चर्चा गरिरहंदा नेपालले सन् २०४५ सम्ममा शून्य उत्सर्जन गर्ने योजना सहित राष्ट्रिय कार्यढाँचा र अनुकूलन योजना यूएनएफसीसीसीमा बुझाएको छ। साथै, नेपालले जलवायु जन्य प्रकोप र जोखिम न्यूनकीकरणका लागि अनुकूलनका प्रयास भन्दा विकसित मुलुकहरुले क्लाइमेट फाइनान्स मार्फत जोखिमयुक्त देशहरुलाई अलग्गै वित्त व्यवस्थापन गरी सहयोग गर्नुपर्ने व्यहोरा सहितको स्थिति पत्र तयार पारेको छ ।

नेपाल सहितका अतिकम विकसित मुलुक (एलडीसी) को यहि गत महिना (असोज) अन्तिम साता भएको बैठक अनुसार जलवायुजन्य हानीनोक्सानी र क्षति व्यवस्थापनका सन्दर्भमा विकसित मुलुकहरुले प्राथमिकता दिनुपर्ने माग उठाइरहेको भएता पनि कोप-२५ देखि यो माग जस्ताको तस्तै रहेको छ। विकसित देशहरुले जोखिमयुक्त देशहरुका लागि सहयोग प्रदान गर्ने सन्दर्भमा आज भन्दा १२ वर्ष अगाडि कोपनहेगन सम्मेलनमा जनाएको प्रतिबद्धता बमोजिम सहयोग प्रदान गर्नुपर्छ किनभने नेपाल जस्तो न्यून आय भएको देशले यति ठुलो रकम जुटाउन सक्दैन ।

जलवायु परिवर्तन र यसबाट सिर्जित अवस्था विश्वव्यापी छ । कोप-२६ मा जलवायुजन्य जोखिमका कारण नेपाल जस्तै भुगोल भएका पर्वतीय मुलुकले भोग्नु परेको हानी नोक्सानीका बारेमा जोडदारसँग उठाउने र अन्य विकासोन्मुख मुलुकहरुसँग मिलेर धारणा राख्नुपर्ने आवश्यकता रहेको छ। जलवायु परिवर्तनका कारण सिर्जना हुने जोखिमसँग कुनै देश, महादेशको एकल प्रयासले जुध्न सकिदैंन। सायद यहि तथ्य सर्वस्वीकार्य भएका कारण नै १९६ देशहरुले नेट जिरोको अवधारणा आत्मसाथ गरेको हुनुपर्छ ।

**कार्बन फुट प्रिन्ट र नेट जिरो**

हामीले दैनानुदिन प्रयोग गरिने पदार्थ तथा क्रियाकलापहरु जसबाट हरितगृह ग्याँस (कार्बन) उत्सर्जन हुन्छ त्यसैलाई हाम्रो कार्बन फुट प्रिन्ट भनिन्छ। कार्बन फुट प्रिन्टले हामी कति मात्रामा हरितगृह ग्याँसका लागि जिम्मेवार छौं भन्ने कुरा प्रस्ट पार्छ। सवारी साधन, उद्योग, कलकारखाना, कोइला, आधारभूत आवश्यकता देखि लिएर विलासिताका लागि अनविकरणीय उर्जाको प्रयोग आदि का कारण हरितगृह ग्याँस उत्सर्जन हुने गर्छ। जनसंख्या वृद्धि, शहरीकरण, औद्योगिकरणसँग कार्बन फुट प्रिन्टको सकारात्मक सम्बन्ध रहेको हुन्छ अर्थात यिनै तत्वहरुका कारण व्यक्तिको कार्बन फुट प्रिन्ट क्रमशः बढ्दै जान्छ। नेपालको सन्दर्भमा पनि जनसंख्या वृद्धि लगायत अन्य कुराहरुको वृद्धि र विकासले फुट प्रिन्ट विस्तारै उकालो लाग्दै छ। जसले गर्दा हरितगृह ग्याँस उत्सर्जन विगतको तुलनामा बढिरहेको छ। हरितगृह ग्याँसले सुर्यबाट आउने तापलाई वायुमण्डलमै रोकि पृथ्वीलाई एकनास रुपले र विस्तारै तताउछँ र जलवायु परिवर्तन गराउछँ ।

कार्बन फुट प्रिन्ट कम गर्नु नेट जिरो रणनीति नै हो। सामान्यतया, धनी र विकसित देशहरुको तुलनामा गरिब र अविकसित, अल्पविकसित वा विकासशील देशहरुले निकै कम मात्रामा हरितगृह ग्याँस उत्सर्जन गर्छन, यस मानेमा यस्ता देशहरुको कार्बन फुट प्रिन्ट विकसित देशहरुको नागरिकको तुलनामा कम हुन्छ। एकजना अमेरिकन व्यक्तिले वार्षिक रुपमा १६.१ टन कार्बन उत्सर्जन गर्छ भने, चीनमा प्रतिव्यक्ति प्रतिवर्ष ७.१ टन र कङ्गोमा ०.०३ टन प्रतिव्यक्ति प्रतिवर्ष उत्सर्जन भैरहेको पाउन सकिन्छ। धेरै पेट्रोलियम पदार्थ उत्पादन गर्ने कतारमा भने कार्बन फुट प्रिन्टको मात्रा ३६.९ टन रहेको छ। सन् २०५० सम्ममा नेट जिरो हासिल गर्नका लागि विशेषत धनी र विकसित देशका मानिसहरुले आफ्नो जीवनशैली बदल्न जरुरी छ। व्यक्तिगत तवरमा नेट जिरो हासिल गर्ने रणनीतिको रुपमा कार्बन फुट प्रिन्टलाई लिन सकिन्छ।

**अन्त्यमा,**

जलवायु परिवर्तन विश्व समुदायकै चासो र चिन्ताको विषय बन्दै गइरहेको परिप्रेक्ष्यमा सरकारी र संस्थागत तवरमा अन्तराष्ट्रिय प्रतिबद्धता अनुसारका कार्यक्रमहरु सञ्चालनका लागि बजेट कार्यक्रम निर्माण र कार्यान्वयनमा प्राथमिकता दिने, विभिन्न साझा मञ्च/सम्मेलनहरुमा जोखिमयुक्त देशका तर्फबाट प्रतिबद्धता अनुसारको वित्त सहयोग माग गर्ने, कार्बन बजार र बिक्री प्रणाली निर्धारणमा चासो देखाई न्ययोचित रुपमा लागु गर्न अन्तराष्ट्रिय मञ्चमा प्रयत्न गर्ने, आफ्नो मुलुकका जनताहरुमा जलवायुमैत्री प्रविधि प्रयोग, नविकरणीय उर्जा प्रयोग र कार्बन सर्ञ्चितिकरण जस्ता कार्यका लागि प्रोत्साहन तथा अनुदानका कार्यक्रम सञ्चालन गर्ने तथा हुन सक्ने जलवायुजन्य जोखिमको पूर्वको अवस्था आंकलन गरी सूचना प्रवाहीकरण गर्ने प्रविधिको प्रयोगलाई प्राथमिकता दिने र जोखिम एवम् पिडित समुदायमा राहत तथा पुर्नस्थापनको कार्यक्रम यथासिघ्र सञ्चालन गर्ने तर्फ ध्यान दिनु जरुरी हुन्छ। यसका साथै व्यक्तिगत तवरमा पनि कार्बन फुट प्रिन्टको दरलाई न्यूनिकरण गर्ने, प्रविधि तथा अनविकरणीय उर्जा प्रतिको बढ्दो विलासीलाई कम गरी भविष्यमा हुन सक्ने जोखिमको दरलाई कम गर्न सकिन्छ, अन्यथा पृथ्वीको सबैभन्दा विवेकशील प्राणीको रुपमा रहेको मानव जातिले औद्योगिकरण, विकास र प्रविधिको नाममा आफ्नै चिहान आफैं खनिरहेको जस्तो हुन्छ कि ?


## वर्गीकृत विज्ञापन डिस्प्ले

**कर्मचारी आवश्यकता**
किचन कुक -१
(सबै प्रकारका खाना नेपाली, इन्डियन , कन्टिनेन्टल, चिनियाँ आदिँ मिठो बनाउन सक्ने कर्मचारीको खोजिमा।
Housekeeping : 1
(minimum 1 year experience )
तलब : आपसी समजदारी
Address: Lavkeside, Pokhara
Contact No. 9856069001

**तु आवश्यकता**
१) बस हेल्पर-१ जना पुरुष
२) किचन हेल्पर- १ जना महिला
खाना, खाजा र बस्नको सुविधासहित
तलब : आकर्षक
सम्पर्क कास्की मोडनाइज्ड एकेडेमी
पोखरा-१४, चाउथे
०६१-५८९००७, ९८५६०८१२९९

**तु-आवश्यकता**
कुक- १ जना
तलबः १५,०००
कुक हेल्पर- १ जना
तलबः १०,०००।-
डिसवासर- १ जना
तलबः १०,०००।-
सम्पर्कः
9856029163
खान, बस्न सुविधा भएको

**तु-आवश्यकता**
एक प्रतिष्ठित कम्पनीको लागि
बजार प्रतिनिधि- १ जना
योग्यताः न्यूनतम +२ पास
तलबः आपसी समझदारीमा
(अनुभवीलाई विशेष प्राथमिकता)
सम्पर्कः
९८१५१-२३३०६, ९८४६७-९४७९८

**कुक आवश्यकता**
पृथ्वीचोकमा निर्माणाधीन रेष्टुरेण्टको लागि कुकको आवश्यक परेको हुनाले दक्ष अनुभवी व्यक्तिले सम्पर्क गर्नुहोला।
तलब सुविधा : आपसी समझदारीमा
सम्पर्क :
९८४३९५८१२२

**रेष्टुरेन्ट बिक्रीमा**
लेकसाइड सेन्टर पोइन्ट स्थित चुलो किचन एण्ड बार विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्कः
९८२४१-६५००४, ९८२६१-२४२२३, ९८५१०-४९३९५

**WANTED**
An experienced & qualified English Teacher for Primary Level. Needed qualification is +2 passed or above.
*Apply within 2078/07/18*
Nilgiri English Boarding School
Sngam Marga-8, Pokhara
Contact: 9856021669

**आवश्यकता**
कुक - १ जना
कुक हेल्पर - १ जना
डिस वासर - १ जना
रूम ब्वाई - २ जना
हाउस किपिङ - २ जना
नाइट स्टाफ - १ जना
*अनुभवीले मात्र सम्पर्क, बस्नको लागि व्यवस्था, परिचयपत्र अनिवार्य ।*
होटल साईलेन्टपिक
०६१-४५२८५७, ४५१९७७

# सामुदायिक सेवा केन्द्रका लागि करोडौं दान

**समाधान संवाददाता**
लमजुङ, १७ कात्तिक



लामो समय अमेरिका बसेका महेन्द्रराज वाग्लेलाई थाहा थियो युरोप, अमेरिकातिर सामुदायिक सेवा केन्द्रले निकै प्रभावकारी काम गर्छन् । जन्मथलो लमजुङको दुई पिप्लेमा महेन्द्रकै दाजु केशवराज सामुदायिक सेवामा खटिएका थिए । समाजसेवामा लगाव भएका महेन्द्रले दाजुकै अभियानमा बल पुऱ्याउन २०७४ सालमा सामुदायिक प्रहरीलाई साढे ४ आना र प्रहरीलाई १० आना जग्गा पास गरेरर दिए ।

जग्गा पास गरिदिएरमात्र उनको चित्त बुझेन । सामुदायिक प्रहरी सेवा केन्द्रको भवन बनाइदिने रहर उनमा जाग्यो । सुरुमा १ तले भवन बनाउने सुरु गरेकामा ४ तला पुग्यो । दमौली भोर्लेटार सडक खण्डसँगै जोडिएको उक्त ठाउँको जग्गाको भाउ अहिले छोइसक्नु छैन । तर महेन्द्रलाई त्यो मूल्यले छोएन । पुष्पलता बहुमुखी क्याम्पस, साना किसान सहकारी, आमा समूह, उद्योग वाणिज्य संघ, मठमन्दिर, बाटोघाटोका लागि पनि उनले मन खोलेर सहयोग गरेका छन् । उनले भने, 'समाजसेवामा नै आनन्द छ, अमेरिकामा रहँदा पनि धेरै समय र रकम समाजसेवामै खर्चेको छु ।' आफ्नो कमाइको केही मात्र दान गर्नुपर्छ भन्ने प्रेरणाबाट आफू प्रेरित भएको भनाइ उनले राखे ।

मध्यनेपाल नगरपालिका ४ दुइपिप्ले स्थित सामुदायिक प्रहरी सेवा केन्द्रको ४ तले, १४ कोठे भवनका लागि १ करोड २५ लाख रुपैयाँ लागेको छ । यसको खर्च पनि उनै महेन्द्रले व्यहोरो । त्यही भवनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गरेका छन् ।

मुख्यमन्त्री पोखरेलले सरकारले गरेरमात्र विकास सम्भव नहुने भन्दै निजी र सामुदायिक क्षेत्र पनि क्रियाशील रहनुपर्ने भनाइ राखे । उनले प्रदेश सरकार नागरिकको अभिभावक हुने गरी काम गरिरहेको बताए । कोभिड १९ संक्रमणबाट अभिभावक गुमाएका बालबालिकालाई प्रदेश सरकारले अभिभावकत्व ग्रहण गर्ने गरी बजेट र नीति तथा कार्यक्रम ल्याएको जानकारी उनले गराए ।

मुख्यमन्त्री पोखरेलले कोरोना महामारीमा ज्यान गुमाएका परिवारलाई ५० हजार रुपैयाँ र दुवै अभिभावक गुमाएका बालबालिकाको पठनपाठनका लागि प्रदेश सरकारले मासिक ५ हजार रुपैयाँ दिने निर्णय गरेको बताए । नागरिकको जनताको स्वास्थ्यलाई विषेश प्राथमिकतामा राख्दै प्रदेश सरकारले स्तन र पाठेघरको मुखको क्यान्सर उपचारलाई निशुल्क गर्ने घोषणा गरेको उनको भनाइ थियो । नागरिकको शिक्षा, स्वास्थ्य, सडकलगायतका क्षेत्रमा सरकारले काम गर्दै आएको उल्लेख गर्दै उनले नागरिकको मन प्रदेश सरकार जितेको दाबी गरे ।

कार्यक्रममा शिक्षा, संस्कृति, विज्ञान तथा प्रविधि एवं सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा, बिना विभागीय मन्त्री डोबाटे विश्वकर्मा, राजनीतिक विश्लेषक अरुण सुवेदी, कांग्रेसका युवा नेता लक्ष्मु थापा, जनप्रतिनिधि र स्थानीय अगुवाले भनाइ राखेका थिए । भवन निर्माण समिति अध्यक्ष केशवराज वाग्लेका अनुसार दुईपिप्ले प्रहरीचौकीको सेवा समेत उक्त भवनबाट प्रदान गरिनेछ ।

# 'बालबालिकालाई अनलाइन यौन शोषणबाट बचाऔं'

**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक



अनलाइन यौन शोषणबाट बालबालिकालाई जोगाउन पालिका स्तरमा अनलाइन बाल संरक्षण नीति बनाएर लागु गर्न बाल अधिकारकर्मीले माग गरेका छन्

इन्टरनेटको फैलावट र पहुँच बढेसँगै अनलाइन यौन शोषणका द्रुत गतिमा बढेको दाबी गर्दै उनीहरुले अनलाइनबाट हुने यौन शोषण रोकथाम तथा नियन्त्रणका लागि विशेष भूमिका खेल्न स्थानीय सरकारका प्रतिनिधिसँग आग्रह गरेका छन् । सिविन नेपालका परियोजना संयोजक माधव लोहनीले बालबालिकाको अनलाइन संरक्षणलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्न माग गरे ।

'सूचना र प्रविधिको विकाससँगै अनलाइनबाट बालबालिकालाई गरिने यौन दुर्व्यव्यवहारका घटना बढेका छन्,' उनले भने, 'जनप्रतिनिधि सबैको अभिभावक भएकाले स्थानीय तहका वडा कार्यालयले अनलाइन बाल संरक्षणका लागि सचेतनामूलक कार्यक्रम गर्नु आवश्यक छ ।' उनले स्टिकर, पर्चा, पोस्टर तयार गरी समुदाय स्तरका कार्यक्रम गर्न सुझाव दिए । पोखरा महानगरपालिकाको सहकार्यमा अनलाइनमा बाल संरक्षण विषय कार्यक्रममा परियोजना संयोजक लोहनीले सम्बन्धित वडामार्फत पालिकाभित्रका सामुदायिक तथा निजी विद्यालयमा अनलाइन बाल संरक्षणको विषयमा अभिमुखीकरण गर्न सकिने उल्लेख गरे ।

उनले पालिकाले वेभसाइटमा अनलाइन बाल संरक्षणको सवाललाई प्राथमिकतामा राख्न सक्ने बताए । पालिकाले अनलाइनबाट पीडित बालबालिकाको कानुनी सहयता र संरक्षणका लागि नेपाल प्रहरी र बाल हेल्पलाइनसँग सहकार्य गर्न सक्ने उनले प्रस्ताव गरे ।

पोखरा महानगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ५ का अध्यक्ष धनबहादुर नेपालीले अनलाइनबाट हुने दुर्व्यवहारबाट बाल बालिकालाई जोगाउनका लागि सरोकारवाला निकायसँग सहकार्य गर्ने बताए । उनले जनप्रतिनिधि बालमैत्री बन्ने उल्लेख गरे । वडा नम्बर ७ का अध्यक्ष रामचन्द्र बरालले पर्यटकको नाममा नेपाल घुम्न आउनेले बालबालिकालाई यौनदुराचार गरेको घटना बढेको चर्चा गरे । वडा नम्बर १६ का अध्यक्ष जीवन आचार्यले स्थानीय तहले बालबालिकाको क्षेत्रमा काम गर्न धेरै बाँकी रहेको बताए । बालबालिकाका गतिविधि अभिभावकलाई थाहा नभएर भित्रभित्रै समस्या बढेको उल्लेख गर्दै उनले बजेट र कार्यक्रम भएता पनि वृहत रुपमा कार्यक्रम गर्न नसकेको धारणा राखे ।

उनले पर्यटक प्रहरी निरीक्षक राजन रायमाझीले बाल यौनदुराचारका मुद्दा काठमाडौंमा मात्र दर्ता हुने सुनाए । उनले गरिब तथा विपन्नलाई आर्थिक तथा शैक्षिक सहयोगको बाहानामा यौनदुराचार हुने गरेको बताए ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ६ का वडा सदस्य हरि पहारी, वडा नम्बर ८ का वडा सदस्य किरण गौतम, सिविन पोखराका प्रमुख शंकर नेपाली लगायतले इन्टरनेटको प्रयोगबाट गरिने यौन दुर्व्यवहारलाई रोक्न सरोकारवालाले बालबालिकालाई सचेत बनाउनुपर्नेमा जोड दिए ।

# गुफामा योजनावद्ध विकास: मन्त्री खड्का

**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक

गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री कुमार खड्काले प्रदेश सरकारले जनताका समस्यालाई उच्च प्राथमिकता राखेर काम गरेको दाबी गरेका छन् । महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिले सोमबार आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उनलेवर्तमान गठबन्धन सरकारले जनमुखी काम गरेर प्रदेशलाई समृद्ध बनाउने जनाए ।

मन्त्री खड्काले पोखरामा रहेका गुफाहरुको प्रदेश सरकारले योजनावद्ध विकास गर्ने उल्लेख गरे । उनले यसबारे सम्भाव्यता अध्ययन गर्ने र छुट्टै अधिकार सम्पन्न समिति बनाएर काम थाल्ने आश्वासन दिए । महेन्द्र गुफाको विकासका लागि सरकारले बजेट विनियोजन गरेको बताउँदै उनले थप बजेटका लागि केन्द्र सरकारसँग समन्वय गर्ने जनाए ।

गण्डकी प्रदेश अर्थ तथा विकास समिति सभापति दीपक कोइरालाले पर्यटकीय क्षेत्रको विकासका लागि सरकार गम्भीर रहेको बताए । पर्यटन क्षेत्रमा बढ्दो आर्थिक गतिविधि समृद्धि प्राप्त गर्न सहायक हुने उनले बताए ।

समिति संयोजक गुरुदत्त भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा १६ का वडाध्यक्ष जीवनप्रसाद आचार्य, नेपाली कांग्रेस वडा सभापति अमृत शर्मा तिमिल्सिना, भौतिकयोजना तथा पूर्वाधार विकास मन्त्रालयका प्रमुख सिडिइ डा. महेन्द्र बानिया, विन्ध्यवासिनी माविका सहायक प्रधानाध्यापक रामबहादुर बानिया, विन्ध्यवासिनी क्याम्पसका अध्यक्ष दानबहादुर बानिया, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समिति सचिव यदुनाथ बञ्जरा, समाजसेवी गोविन्दबहादुर बस्नेत, समिति सदस्य केशव बस्नेत, समितिका सदस्य सचिव एवं नेपाल पत्रकार महासंघ प्रदेश परिषद सदस्य शिशिर पौडेल लगायतले बोलेका थिए ।

# एमाले महाधिवेशनमा विद्युतीय मतदान

चितवन, १७ कात्तिक (समाधान) - नेकपा (एमाले)को १० औं महाधिवेशनले विद्युतीय उपकरणमार्फत नयाँ पदाधिकारी चयन गर्ने भएको छ । मतदानका लागि १ सय विद्युतीय उपकरण प्रयोगमा ल्याइने तयारी गरिएको छ ।

महाधिवेशन मूल आयोजक समितिका सहसंयोजक एवं एमाले स्थायी समिति सदस्य सुरेन्द्र पाण्डेले विद्युतीय उपकरणमार्फत मतदान गर्ने तयारी गरिएको जानकारी दिए । यसबाट ३ घण्टाभित्रमा नतिजा आउनेछ । उनले भने, 'मतदानपछि प्रिन्ट गऱ्यो भने तीन घण्टा लाग्छ भनिएको छ । क्युआर कोडबाट भयो भने त्यो भन्दा अघि नै नतिजा आउँछ ।' विद्युतीय उपकरण जडान र व्यवस्थापनका विषयमा छलफल भइरहेको उनले बताए ।सो पार्टीको केन्द्रीय समिति २ सय २५ सदस्यीय छ । यसमध्ये १५ पदाधिकारी छन् । अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ४, महासचिव १, उपमहासचिव १ र ७ सचिव रहने व्यवस्था छ ।

महाधिवेशनमा अहिले सम्मका अवस्थामा २ हजार प्रतिनिधि सहभागी हुने जनाइएको छ । महाधिवेशनको उद्घाटन सत्र नारायणी नदी किनार र बन्द सत्र सौराहाको बाघमारा चौरमा गर्ने तयारी गरिएको छ ।

# सप्तक संगीत कात्तिक १९ मा

स्याङ्जा, १७ कात्तिक (समाधान)- लोक संस्कृति संरक्षण गर्ने उद्देश्यले स्थापना गरिएको सप्तक संगीत सांस्कृतिक केन्द्रले सप्तक संगीत दीपावली साँझ गर्ने भएको छ । कोभिडको कारण थलिएको संगीत र सुस्ताएको कलाकारितालाई प्रर्वद्धन गर्न यो कार्यक्रम आयोजना गरिएको केन्द्रका अध्यक्ष देवराज गैह्रेले बताए ।

कात्तिक १९ गते आयोजना हुने कार्यक्रममा ख्याति प्राप्त आधुनिक गाएक रुपक डोटेल, कमेडी च्याम्पियनका कलाकार मेक्सम गौँडेल र टिकटक भाइरल अस्मिता रणपालको नृत्य प्रस्तुति रहनेछ । संगीत, नृत्य र कमेडी विधाको मनोरञ्जन दर्शकले एकै ठाउँमा पाउने आयोजकले जनाएको छ ।

कार्यक्रममा प्रवेश शुल्कवापत २ हजारको टिकट तोकिएको छ । यसभित्र साझको खाजा र खाना समावेश गरिएको सप्तक संगीत सांस्कृतिक केन्द्रका अध्यक्ष गैह्रेले जानकारी दिए ।

## पोखरा महानगरपालिका कार्यालयको अत्यन्त जरूरी सूचना

साविकः आर्वा बिजय-२, हालः पोखरा महानगरपालिका वडा नं. १३, आर्वा सिमखेत कि.नं. ३३३८ क्षेत्रफल ०-२-२-३ को जग्गामा पूर्व कि.नं. ३३३७, पश्चिम कि.नं. ३४०१, उत्तर कि.नं. १६०३, दक्षिण कि.नं. (बाटो) ३४०२ यति चार किल्लाभित्रको ढकुमाया सापकोटाको हकभोगका जग्गामा घर निर्माण गर्दा तपाई साँधसदियारा, विद्यालय, अस्पताल तथा अन्य वातावरणीय प्रदूषण हुन्छ/हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस वडा कार्यालयमा लिखित उजुरी दिनुहोला अन्यथा निवेदनको माग बमोजिम कारवाही अगाडि बढ्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म मितिः वि.सं. १९९६/०१/०१

स्वर्गारोहण मितिः वि.सं. २०७८/०७/०६

**स्व. बाटुली पाध्या तिमिल्सेना**

**बहुलाहा पहिरो पैयुपाटा सामुदायिक वन उपभोक्ता समिति**का संरक्षक सदस्य एवं पूर्व अध्यक्ष विष्णुहरि तिमिल्सेनाकी ममतामयी माता **बाटुली पाध्या तिमिल्सेना**को असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्मको एकाकार होस् भन्ने कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**तेजराज तिमिल्सेना**
अध्यक्ष एवं
**बहुलाहा पहिरो पैयुपाटा सामुदायिक वन उपभोक्ता समिति परिवार**
पोखरा-२८, कालिका ध्रुवपुर, कास्की


**मंगलाकाली यातायात प्रा.लि.**
**पोखरा काउन्टर :**
अर्चलबोट-२, पोखरा
पोखरा मो. ९८१६१९६०८०
**जिप काउन्टर**
हाम्रा सेवाहरू
- पोखरा-बेनी
- पोखरा-तातोपानी
- पोखरा-जोमसोम
- पोखरा-दरवाङ





बेनी जिप काउन्टर :
फोन नं. ०६९-५२११४१
नोट : नेपाल भर रिजर्भको लागि जीप चाहिएमा हामीलाई सम्झनु होला ।

**के तपाईको Printer मा कुनै समस्या छ ?**
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस, नयाँ जस्तै बनाएर लैजानुहोस ।
त्यो पनि सस्तोमा





Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
**गण्डकी कम्प्युटर्स** ... the printer house
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५., मो. ९८५६०-४१९३५, ९८५६०-६५९३५ ९८५६०-६६९३५, ९८५६०-६७९३५, ९८५६०-६८९३५, ९८५६०-४०६४८

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293


# Invitation for Sealed Quotation

**Name of the Office: Matrishishu Miteri Hospital**
**Address of the Office: Pokhara-16, Kaski**

## Invitation for Sealed Quotation for the Procurement of Medicines and Surgical items.

**Date of Publication: November 4, 2020**

The Matrishishu Miteri Hospital invites Sealed quotations from Registered Suppliers for the supply and delivery **of Medicines and Surgical items as mentioned in the table below**

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Matrishishu Miteri hospital, telephone no 061-440144, email: maternityhospitalpk@gmail.com
2. A complete set of Bidding Documents may be purchased from the office Matrishishu Miteri Hospital eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till November 18 ,2021 during office hours.

**For Bid document fee:**
Bid document fee : Nrs 1000
Bank name : Rastriya Banijya Bank ltd, Prithvi Chowk, Pokhara Kaski
Office code no : 3550639014
Office account number : 1000100501004000
Rajaswa(revenue) : 14229

**For Bid Security**
Bank name : Rastriya Banijya Bank LTD, Prithvi Chowk Pokhara
Account name : Pradesh Lekha Niyantrak Karyalaya
Account number : 3020100202030000

3. Bids must be submitted to the office by hand at Matrishishu Miteri hospital on or before 12 p.m. on November 19, 2021. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend November 19 ,2021 at 1 p.m. and at the office of Matrishishu Miteri Hospital. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mentioned in the table below which shall be valid for 30 days beyond the validity period of the bid i.e. 75 days. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No 3020100202030000-office code 3550639014 at Rastriya Banijya Bank and submit the receipt of the deposited amount of cash along with the sealed quotation document.

| S. N. | Sealed Quotation number | Category | Bid security amount (in Nrs) |
|---|---|---|---|
| 1 | MMH/Goods/Sealed Quotation/03-078/079 | Procurement for Medicines (NCD) | 112,000 |
| 2 | MMH/Goods/Sealed Quotation/04-078/079 | Procurement for Medicines (Antimicrobials, NSAIDS & Vitamins) | 65,000 |
| 3 | MMH/Goods/Sealed Quotation/05-078/079 | Procurement for Medicines (GI, Respi & Derma) | 84,000 |
| 4 | MMH/Goods/Sealed Quotation/06-078/079 | Procurement for Medicines (Accessories) | 34,000 |
| 5 | MMH/Goods/Sealed Quotation/07-078/079 | Procurement for Surgical Items | 63,000 |

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

5. The Purchaser reserves the right to accept or reject, wholly or on package basis or without assigning any reason, whatsoever.
6. All other information can be obtained from the published newspaper notice and other information from Public procurement Act 2063 and its Regulation 2064.

# पोखरा म्याराथनलाई सफलको साथ

**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक

लक्ष्मी ग्रुप अन्तर्गतको सुजल डेरी प्रालिको मुख्य उत्पादन सफल दूधले पोखरा अन्तर्राष्ट्रिय म्याराथन २०७८ लाई मुख्य प्रायोजनका रुपमा साथ दिएको छ । विगत ६ वर्षदेखि सहकार्य गर्दै आएको कम्पनीले म्याराथनको मुख्य प्रायोजकको भूमिकालाई निरन्तरता दिएको नेपाल भूतपूर्व मञ्च अध्यक्ष हरिप्रसाद पराजुलीले जानकारी दिए ।

मञ्चले बुधबार आयोजना गरेको कार्यक्रममा सफल दूधले आगामी ३ वर्षका लागि मुख्य प्रायोजकका रुपमा सम्झौता गरेको हो । कार्यक्रममा उद्योगका कार्यकारी निर्देशक सुनील श्रेष्ठ र मञ्चका अध्यक्ष पराजुलीले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

अध्यक्ष पराजुलीले सम्झौता अनुसार १६ औं सफल म्याराथनका लागि कम्पनीले ७ लाख प्रदान गर्ने बताए । 'कम्पनीले २०७२ देखि २०७७ सम्म संस्थागत रुपमै मुख्य प्रायोजन गरी प्रतियोगितालाई सफल पार्न भूमिका खेलेको छ,' अध्यक्ष पराजुलीले भने, 'मञ्चको कम्पनीसँग तेस्रो पटक सम्झौता भयो । अहिले २०७८ देखि २०८० सम्म ३ वर्षका लागि सम्झौता गरेका छौं ।'

उनले हरेक ३ वर्षमा सम्झौता नवीकरण हुने जानकारी दिए । पोखराको



**१६ औं सफल म्याराथनका लागि कम्पनीले ७ लाख दिने, पुरस्कार राशि बढ्यो**

प्रतिष्ठित उद्योग सुजल डेरीको प्रायोजनले मञ्चलाई थप हौसला मिलेको उल्लेख गर्दै उनले कम्पनीसँग खेलकुदको विकासका लागि भएको यात्रा निरन्तर रहने विश्वास व्यक्त गरे ।

कार्यक्रममा उद्योगका कार्यकारी निर्देशक श्रेष्ठले कम्पनीले प्रायोजकमात्र नभएर पार्टनरको रुपमा पोखराको खेलकुदको विकास योगदान गरेको बताए । पोखरालाई म्याराथनको माध्यमबाट विश्वमा चिनाउन तथा खेल पर्यटनको राजधानीका रुपमा पोखरालाई स्थापित गर्न उद्योगले सहयोग गरेको उल्लेख गर्दै उनले पोखरा म्याराथनको जगलाई बलियो बनाउन एउटा ईंट्टा थप्ने काम गरेको चर्चा गरे ।

कार्यक्रममा मञ्चका निवर्तमान अध्यक्ष तथा प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङले नेपालका ४ म्याराथनमध्ये पोखरा म्याराथन पहिलो र सर्वाधिक पुरस्कार राशिको भएको दाबी गरे । उनले आगामी ३ वर्षमा पोखरा म्याराथनलाई म्याराथनहरुको अन्तर्राष्ट्रिय छाता संस्था 'एम्स'मा दर्ता गराउने योजनाका साथ प्रथम पुरस्कार राशि १० लाख पुऱ्याउने लक्ष्यका साथ अघि बढेको बताए ।

मञ्चका अध्यक्ष पराजुलीले १६ औं सफल म्याराथनमा मञ्चले पुरस्कार राशिमा शतप्रतिशत वृद्धि गरेको जानकारी दिए । मञ्चले खुला ४२.१९५ किमी म्याराथनतर्फ प्रथम पुरस्कार २ लाखबाट बढाएर ४ लाख पुऱ्याएको छ । आगामी फागुन फागुन ७ गते पोखरामा हुने म्याराथनतर्फ हुने सबै २१ किमी महिला हाफ म्याराथन बाहेक महिला पुरुष १० किमी र छात्र/छात्रा ५ किमी, ह्विल चियर तथा दृष्टिविहीन दौडतर्फ समेत पुरस्कार राशि बढाइएको छ ।

ती दौडतर्फ समेत ५/५ हजार पुरस्कार बढाएको मञ्चका अध्यक्ष पराजुलीले बताए । उनले खुला ४२.१९५ किमितर्फको दोस्रो पुरस्कार २ लाख, तेस्रो हुनेले १ लाख र सान्त्वनातर्फ ३० हजार प्राप्त गर्ने बताए । मञ्चका सचिव कृष्णप्रसाद तिमिल्सिनाले म्याराथनकासबै विद्यातर्फ गरी कुल २८ जना पुरस्कृत हुने बताए । उनले गत वर्ष पुरस्कार राशि कुल ८ लाख रहेकोमा यो वर्ष सबै विद्यागत रुपमा बढाउँदा १२ लाख ३० हजार पुगेको जानकारी दिए ।

# जनगणनामा अपांगलाई समेटिने

**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक

अपांगलाई जनगणना प्रक्रियामा सहभागी बनाएर अपांगता समावेशी राष्ट्रिय जनगणना अभियान २०७८ सञ्चालन गरिएको छ ।

'मलाई गणना गर, मलाई समावेश गर' १२ औं राष्ट्रिय जनगणना २०७८को सन्दर्भमा समावेशीकरणका लागि क्रियाशील परियोजना अन्तर्गत अभियान चलाएको राष्ट्रिय अपांग महासंघ नेपाल संघीय अध्यक्ष मित्रलाल शर्माले जानकारी दिए । गण्डकी प्रदेशका प्रमुख सचिव डा दामोदर रेग्मीले अपांगहरुको जनगणनामा समेटेपछि उनीहरुको सशक्तीकरण, विकासमा सहयोग पुग्ने बताए । उनले गणक र सुपरीवेक्षकले राम्रो भूमिका खेले सही तथ्यांक आउने उल्लेख गरे ।

तथ्यांक कार्यालय गण्डकीका प्रमुख जग्गुलाल बस्यालले सरोकारवाला सबैको सहकार्यमा समावेशी ढंगले जनगणना गर्ने जानकारी दिए । उनले जनगणनामार्फत भरपर्दो तथ्यांकको व्यवस्थापन गरी अपांगलाई विकासको मुल प्रवाहमा ल्याउन सहयोग पुऱ्याउने उल्लेख गरे । 'गणक तथा सुपरीवेक्षकलाई तालिम, ज्ञान, सीप प्रदान गरेर जनगणना प्रक्रियामा अपांगको अर्थपूर्ण सहभागिता गराइनेछ,' उनले भने, 'परिवारले अपांगको बारेमा सबै विषय भन्न आनकानी गरेको खण्डमा गणकलाई सोधखोज गर्न निर्देशन गरिएको छ ।'

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले केन्द्रीय तथ्यांक विभागको जनगणना अभियानमा स्थानीय प्रशासनले सहयोग र सहकार्य गरेको जानकारी दिए । राष्ट्रिय अपांग महासंघ नेपालका संघीय अध्यक्ष शर्माले राष्ट्रिय जनगणनालाई अपांगता समावेशी बनाउन गरेका प्रयासहरु राम्रा भएको बताए । उनले वास्तविक तथ्यांकको अभावमा राज्यका निकायमा अपांगहरुको प्रतिनिधित्व सुनिश्चित हुन नसकेको उल्लेख गरे । उनले अपांगमैत्री अडियो तथा भिडियो सामग्री तयार पारेर जनगणनालाई प्रभावकारी बनाउने जानकारी दिए ।

राष्ट्रिय अपांग महासंघ गण्डकी प्रदेश समिति अध्यक्ष खोमराज शर्माले सदस्य तथा कर्मचारीमार्फत देशभरी अभियान चलाएको बताए । पहिलो चरणमा भदौ ३० देखि असोज १८ गतेसम्म घर तथा घर परिवार सूचिकारण कार्य गरेको तथ्यांक विभागले कात्तिक २५ देखि मंसिर ९ गतेसम्म मुल जनगणना गर्न लागेको हो । गत जेठ २५ देखि असार ८ गतेसम्म मुल जनगणना हुने पूर्व निर्धारित कार्यक्रम कोभिड १९ को प्रकोपका कारण स्थगित भएको थियो ।

# १५ लाखसहित ११ जुवाडे प्रक्राउ

**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक

कास्कीको माछापुच्छ्रे तातोपानीमा जुवा खेलिरहेका ११ जनालाई ठूलो रकमसहित कास्कीले नियन्त्रणमा लिएको छ । उनीहरुको साथबाट १५ लाख २४ हजार ७० रुपैयाँ नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता सुवास हमालले जानकारी दिए । यसरी पक्राउ पर्नेमा स्याङ्जाको हरिनाश ३ स्यानोकान्लाका २८ वर्षीय कमल भण्डारी, पोखरा १६ का २३ वर्षीय सरोज श्रेष्ठ, पुतलीबजार २ का २८ वर्षीय दिपेश गुरुङ, अर्घाखाँचीको भूमिकास्थान २ का ३४ वर्षीय दामोदर पौडेल, पोखरा १७ छोरेपाटन बस्ने २६ वर्षीय विनय गुरुङ छन् ।

यस्तै, छोरेपाटननै बस्ने ३२ वर्षीय कर्ण केसी, भरतपुर १ का ३५ वर्षीय राजु घिमिरे, पोखरा ८ का ४३ वर्षीय नारायण सिग्देल, पोखरा ६ बस्ने ४३ वर्षीय राजु कार्की, पोखरा २६ बस्ने ३३ वर्षीय स्वागत रानाभाट र बागलुङ ८ का ३९ वर्षीय मनबहादुर खड्का पनि पक्राउ परेका छन् । उनीहरुलाई जिल्ला प्रशासन कार्यालय कास्कीबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता हमालले जानकारी दिए ।

# कुमुदिनीमा खुला गीत प्रतियोगिता

पोखरा, १७ कात्तिक (समाधान)- कुमुदिनी होम्स मावि गैह्रापाटनमा दीपवली २०७८ को अवसरमा मंगलबार खुला गीत प्रतियोगिता भएको छ । विद्यार्थीमा रहेको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजित प्रतियोगिता जुनियर र सिनियर गरी २ तहमा भएको थियो ।

जुनियर तहमा भएको प्रतियोगितामा कक्षा ३ की छात्रा ग्रेसी गुरुङ प्रथम भइन् भने कक्षा ४ का आयुष्मान् शाक्य, कक्षा ३ का सोहम खत्री र कक्षा ३ कै एमा लामाले क्रमशः द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गरे । सिनियर तहमा भएको प्रतियोगितामा कक्षा १२ का छात्र कुश गुरुङ प्रथम भए भने कक्षा ८ की एरिन गुरुङ, कक्षा ११ की रोसिना गर्बुजा र कक्षा ७ का कोशिश पराजुलीले क्रमशः द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गरे । विजेता विद्यार्थीहरूलाई विद्यालयका तर्फबाट ट्रफी, नगद र प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रतियोगिताका निर्णायकमा पोखरा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ दिलीप गायक, पोखरा म्युजिकल आर्टिस् एसोसिएसनकी सदस्य प्राप्ति तुलाचन तथा विद्यालयका आर्ट्स शिक्षक मनोज तामाङ थिए । कार्यक्रममा सहप्राचार्य मन बहादुर भुजेलले गीत संगीतको महत्तव उल्लेख गर्दै विजेता विद्यार्थीलाई बधाई दिए ।

कार्यक्रममा विद्यालयका प्रमुख व्यवस्थापक अशोक पालिखे, नेपाली विभाग प्रमुख पोष्टराज सुवेदी र छात्राद्वय रचना तिवारी र युनिषा श्रेष्ठले बोलेका थिए ।

# प्रेस सेन्टर कास्की अध्यक्षमा कृष्ण



**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक

प्रेस सेन्टर कास्की अध्यक्षमा कृष्ण दवाडी निर्वाचित भएका छन् । बुधबार भएको पाँचौं अधिवेशनले दवाडीको अध्यक्षतामा सर्वसम्मत २१ सदस्यीय नयाँ कार्यसमिति चुनेको हो ।

समिति उपाध्यक्षमा दिनानाथ बराल र महिला उपाध्यक्ष शोभा बराल, सचिव पुष्पराज दाहाल, सह-सचिवमा सुरेसराज अधिकारी, सहसचिव (समावेशी) सविना राना थापामगर र कोषाध्यक्षमा सुशीला क्षेत्री चुनिए । कार्यसमिति सदस्यमा बलराम तिमिल्सिना, रविनाथ दाहाल, शेरबहादुर खत्री, विवेक भण्डारी, लिलाचन्द्र अधिकारी सरोज, प्रकाशचन्द्र गिरी, खगेन्द्र अर्याल, प्रकाश अधिकारी, श्रीभद्र पौडेल र बाबुराम सुवेदी छन् ।

यस्तै, प्रेस सेन्टर पोखरा महानगर संयोजकमा शिवराज बस्ताकोटी शिव दाइ , अन्नपूर्ण गाउँपालिका संयोजकमा श्रीभद्र पौडेल, रुपा गाउँपालिका संयोजकमा सुरेशराज अधिकारी छन् । अधिवेशनबाट केन्द्रीय प्रतिनिधिमा कोमलनाथ बराल, कुसुमकेशव पराजुली, नारायण भट्टराई, पदम रेग्मी, विश्वप्रकाश लामिछाने, विश्व सुवेदी, सन्देश श्रेष्ठ, निर्मला न्यौपाने, कृष्णमाया पोखरेल, रोशनी गुरुङ र दीपक परियार चुनिएका छन् ।

अधिवेशन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेल सुनीलले उद्घाटन गरेका थिए ।

# बागलुङ समाजको रक्तदान



**समाधान संवाददाता**
पोखरा, १७ कात्तिक

बागलुङ समाज पोखराले बुधबार आयोजना गरेको खुला रक्तदानमा ३५ युनिट रगत संकलन भएको छ । कोभिड १९ संक्रमणका कारण रक्तदान हुने कार्यतालिका प्रभावित हुँदा रगत अभाव भएकाले समाजले रक्तदान गरेको हो ।

समाज आयोजना गरेको रक्तदान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले ब्लड ब्याग हस्तान्तरण गरी सुरुआत गरे । बागलुङ्कै बासिन्दा पौडेलले सामाजिक तहबाट यस खालका कार्यक्रम हुनु प्रशंसनीय भएको उल्लेख गरे । उनले समाजवादको यात्रासम्म पुग्न समाज र व्यक्तिहरु सचेत, जिम्मेवार र उत्तरदायी हुनुपर्ने उल्लेख गरे ।

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा र भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्री चन्द्रबहादुर बुढाले रक्तदान, विपद् मा परेका जिल्लावासीलाई सहयोग जस्ता कार्यक्रम गरी बागलुङ समाज पोखरामा बस्ने बागलुङेको साथी बनेको उल्लेख गरे ।

समाजका अध्यक्ष सुनील पाण्डेले रगत विकल्प रगतमात्रै हुने भएकाले रक्तदान आयोजना गरिएको बताए । पोखरामा रहेका सबै बागलुङेको सुखदुःखको साथी बन्दै संस्थाले सामाजिक उत्तरदायित्व बहन गरी विभिन्न कार्यक्रम गर्दै आएको उनले उल्लेख गरे ।

# पटके सेवा कार्यालय सऱ्यो

पोखरा, १७ कात्तिक (समाधान)- यातायात व्यवस्था कार्यालय कास्कीको पटके सेवाको कार्यालय सरेको छ । यसअघि पृथ्वीचोकमा रहेको यातायात कार्यालयको एउटा कोठबाट सेवा दिँदै आएको कार्यालय जिरो किमीमा सरेको हो ।

बुघबार यातायात व्यवस्था कार्यालय गण्डकी प्रमुख डिल्लीराज रिजालले कार्यालय उद्घाटन गरे । नयाँ कार्यालय जिरोकिलोमिटरमा रहेको पृथ्वीराजमार्ग बस सञ्चालक समितिको छेउमा छ । कार्यालयका नजिकै पृथ्वीचोकमा रहेको कार्यालमा भिडभाड बढ्दै गएपछि पटके शाखा सार्नुपरेको रिजालले बताए । पृथ्वीचोकमा सामुदायक अस्पताल, साघुरो पुल, यातायात कार्यालयका दुई वटा कार्यालय, साथै बसपार्कका कारण भीडभाड भई ट्राफिक जाम बढेको थियो ।

'कार्यालयका काम गर्न असहज अवस्था सिर्जना भयो । ट्राफिक जाम बढ्यो । कार्यालय यात्रु व्यवसायी, सेवाग्राहीले साह्रै दुख पाएँ । यसपछि पटके सेवा सार्न बाध्य भयौं,' उनले भने । रुट परमिट नभएको सडकमा सवारी साधन लैजादा अस्थायी रुट परमिट लिनुपर्छ ।

अस्थायी रुट परमिट बढीमा ७ दिनसम्मको दिइने रिजालले जानकारी दिए । उनले भने, 'रिजर्भ जानुपऱ्यो भने अस्थायी रुट परमिट लिनुपर्छ ।'

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ॥
इन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्म मितिः
वि.सं. २०१८।०८।१८

स्वर्गारोहण मितिः
वि.सं. २०७८।०७।०९

## स्व. सन्त बहादुर नेपाली

माछापुच्छ्रे गाउँपालिका ३ नं. वडा समितिका निर्वाचित वडा सदस्य एवम् माछापुच्छ्रे गाउँपालिका न्यायिक समितिका सदस्य **श्री रेशम कुमार नेपाली**का बुबा **सन्त बहादुर नेपाली**को ६० वर्षको उमेरमा भएको असामयिक निधनले गाउँपालिका परिवार स्तब्ध एवं मर्माहत भएका छौं ।

यस दुःखद घडीमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

**कर्ण बहादुर गुरुङ**
**अध्यक्ष एवं**
**माछापुच्छ्रे गाउँपालिका कास्की परिवार**

## केयर एण्ड डाउनी रिसोर्टको संक्षिप्त वातावरणीय अध्ययनको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

गण्डकी प्रदेश, कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. वडा नं. ८ बिरेठाँटी र वडा नं. ७ माझगाउँमा केयर एण्ड डाउनी रिसोर्ट प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावक** | **केयर एण्ड डाउनी रिसोर्ट प्रा.लि.** पोखरा महानगरपालिका वडा नं. ८, रत्नचोक, माझगाउँ, कास्की जिल्ला, गण्डकी प्रदेश सम्पर्क नं.: ०१-५९०९९८२, ईमेलः info@thamserkutrekking.com |
| **प्रस्तावको व्यहोरा** | बिरेठाँटीमा १८ कोठामा ३२ शय्या र माझगाउँमा १० कोठामा १६ शय्या गरी कुल २८ कोठामा ४८ शय्या सहितको रिसोर्ट सञ्चालनरत केयर एण्ड डाउनी रिसोर्टको संक्षिप्त वातावरणीय अध्ययन गर्ने |
| **प्रभाव पर्न सक्ने स्थान** | अन्नपूर्ण गाउँपालिका वडा नं. ८ बिरेठाँटी र वडा नं. ७ माझगाउँ, कास्की जिल्ला, गण्डकी प्रदेश |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावक** | **केयर एण्ड डाउनी रिसोर्ट प्रा.लि.** पोखरा महानगरपालिका वडा नं. ८, रत्नचोक, माझगाउँ, कास्की जिल्ला, गण्डकी प्रदेश सम्पर्क नं.: ०१-५९०९९८२, ईमेलः info@thamserkutrekking.com |
| **परामर्शदाता** | सस्टेनेबल भेन्चर्स प्रा. लि., बानेश्वर, काठमाण्डौ, वाग्मती प्रदेश सम्पर्क नं.: ०१-५१७२२२६, इमेलः svsnepal@gmail.com |

## लो मुस्ताङ हिमालय रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ०१, रानीपौवा मुक्तिनाथमा मुक्तिनाथ होली वाटर एण्ड रिसोर्ट प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावक** | **श्री मुक्तिनाथ होली वाटर एण्ड रिसोर्ट प्रा.लि.** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ०१, रानीपौवा, मुक्तिनाथ, मुस्ताङ जिल्ला, गण्डकी प्रदेश, सम्पर्क नं.:९८४११२०३३०, ईमेलःthaparabikiran@gmail.com |
| **प्रस्तावको व्यहोरा** | मुक्तिनाथमा ६० शय्या क्षमतामा लो मुस्ताङ हिमालय रिसोर्ट निर्माण तथा सन्चालन |
| **प्रभाव पर्न सक्ने स्थान** | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ०१, रानीपौवा, मुक्तिनाथ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावक** | **श्री मुक्तिनाथ होली वाटर एण्ड रिसोर्ट प्रा.लि.** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ०१, रानीपौवा, मुक्तिनाथ, मुस्ताङ जिल्ला, गण्डकी प्रदेश, सम्पर्क नं.:९८४११२०३३०, ईमेलःthaparabikiran@gmail.com |
| **परामर्शदाता** | सस्टेनेबल भेन्चर्स प्रा. लि., बानेश्वर, काठमाण्डौ, वाग्मती प्रदेश सम्पर्क नं.: ०१-५१७२२२६, इमेलः svsnepal@gmail.com |

## नेपाल माउन्टेन रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

गण्डकी प्रदेश, कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ७, लान्द्रुक, तोमेझोङ, अन्नपूर्ण गाउँपालिका वडा नं. ११ घान्द्रुक र माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ धम्पुसमा नेपाल माउण्टेन लज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावक** | **नेपाल माउण्टेन लज प्रा.लि.** काठमाण्डौ महानगरपालिका वडा नं. ८, तिलगङ्गा, काठमाण्डौ जिल्ला, वाग्मती प्रदेश सम्पर्क नं.: ०१-४४३५६८६, ईमेलः jayanti@keranddowneynepal.com |
| **प्रस्तावको व्यहोरा** | लान्द्रुकमा १२ कोठामा २० शय्या र तोमेझोङमा १७ कोठामा २५ शय्या सञ्चालनरत र घान्द्रुकमा १२ कोठामा २० शय्या र माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ धम्पुसमा १५ कोठामा २४ शय्या निर्माण तथा सञ्चालनरत नेपाल माउन्टेन रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने |
| **प्रभाव पर्न सक्ने स्थान** | अन्नपूर्ण गाउँपालिका वडा नं. ७, लान्द्रुक, तोमेझोङ र अन्नपूर्ण गाउँपालिका वडा नं. ११ घान्द्रुक, माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ धुम्पुस, कास्की जिल्ला, गण्डकी प्रदेश |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावक** | **नेपाल माउण्टेन लज प्रा.लि.** काठमाण्डौ महानगरपालिका वडा नं. ८, तिलगङ्गा, काठमाण्डौ जिल्ला, वाग्मती प्रदेश सम्पर्क नं.: ०१-४४३५६८६, ईमेलः jayanti@keranddowneynepal.com |
| **परामर्शदाता** | सस्टेनेबल भेन्चर्स प्रा.लि. बानेश्वर, काठमाण्डौ, वाग्मती प्रदेश |

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com